आज मिति २०७७/०६/२१ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख भरत बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ५७ औ बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

श्री भरत बहादुर के.सी.........................नगर प्रमुख

श्री कमला बस्नेत .......................नगर उप प्रमुख

श्री मान बहादुर खड्का.....................प्रमुख प्रसासकिय अधिकृत

श्री बिर बहादुर थामी .....................वडा अध्यक्ष भी.न.पा. १

श्री विराजमान श्रेष्ठ ................... वडा अध्यक्ष भी.न.पा. २

श्री हरिसरण शिवाकोटी ......... वडा अध्यक्ष भी.न.पा. ३

श्री हरिवंश चौलागाई ................. वडा अध्यक्ष भी.न.पा. ४

श्री रामचन्द्र बस्नेत ................ वडा अध्यक्ष भी.न.पा. ५

श्री नबिन कुमार लामा ................. वडा अध्यक्ष भी.न.पा. ६

श्री कैलाश कुमार श्रेष्ठ ............... वडा अध्यक्ष भी.न.पा. ७

श्री नकुल के.सी. ...........................वडा अध्यक्ष भी.न.पा. ८

श्री चित्र बहादुर भुजेल ....................वडा अध्यक्ष भी.न.पा. ९

श्री लालकृष्ण थामी .................... कार्यपालिका सदस्य

श्री दिपक धनुके...................... .कार्यपालिका सदस्य,

श्री सुमन सुनाम ..................... .कार्यपालिका सदस्य,

श्री रुपा शाही भुजेल .................. कार्यपालिका सदस्य,

श्री गौरी थामी .......................... कार्यपालिका सदस्य,

श्री मन्जु बिश्वकर्मा ............ कार्यपालिका सदस्य,

श्री जमुना श्रेष्ठ .......................... कार्यपालिका सदस्य,

श्री किरण वली..................... . कार्यपालिका सदस्य,

श्री रामचन्द्र पौडेल ........................उपसचिव (शिक्षा) आमन्त्रित

श्री माधव प्रसाद सुबेदी ...................प्रशासकीय अधिकृत बैठक ब्यबस्थापक

मिति: २०७७/०६ /२१ गते
समय: बिहान ७:३०बजे
स्थान : महांकाल सदन

# ५७ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १** : यस नगरपालिका अन्तर्गत चरिकोट प्रा. स्वा.केन्द्र (प्रस्तावित चरिकोट अस्पताल) को सेवा प्रवाह न्यायहेल्थ नेपालको संगको प्राबिधिक सहयोगमा ब्यबस्थापन भएकोमा दातृ सस्थाको सहयोग प्रतिकुलताका कारण यहि २०७७ कार्तिक १६ गतेबाट न्यायाहेल्थ नेपालले सम्झौता अगावै स्वास्थ्य मन्त्रालयलाई सूचना गरी बाहिरिन लागेको जानकारी प्राप्त भएको छ ।
विगत लामो समय देखि जिल्ला सदरमुकाममा रहेको स्वास्थ्य सेवा, जिल्ला ब्यापी रुपमा स्वास्थ्य सेवा प्रवाह भईरहेकोमा उल्लेखित मितिबाट दाताको बहिरगमन संगसंगै स्थानीय तहले सेवा सुचारु गर्नुपर्ने बाध्यात्मक अवस्था रहेकोले जनशक्ति ब्यबस्थापन गर्न वित्तीय श्रोतको ब्यबस्थापन गर्नुपर्ने भएको छ ।

(क) वित्तीय ब्यबस्थापनका लागि बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयसंग यस अघि प्रदेश अस्पतालको रुपमा विकास गर्न प्रस्ताव गरिसकेको सन्दर्भमा सो बमोजिमको न्यूनतम दरबन्दी संरचना र संचालन एवं ब्यबस्थापन लागतको लागि अनुरोध बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने ।

(ख) प्रस्तावित चरिकोट अस्पतालको सम्पूर्ण सेवाहरु हालसम्म निशुल्क प्रवाह भईरहेकोमा दीर्घकालसम्म सेवा संचालनको दीगोपनका लागि वित्तीय आत्मानिर्भरता आवश्यक पर्ने भएकोले न्यूनतम सेवाशुल्क मूल्य सिफारिस गर्न तपशिल बमोजिमको समिति गठन गर्ने र समितिको सिफारिसका आधारमा नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार सेवाशुल्क लागू गर्ने ।

(१) भीमेश्वर नगर कार्यपालिका सामाजिक विकास समितिको संयोजक .........अध्यक्ष
(२) ऐ. समितिको महिला सदस्य ............................................................सदस्य
(३) डा.विनोद दंगाल ..............................................................................विज्ञ सदस्य
(४) स्वास्थ्य शाखा प्रमुख ,नगरपालिका .................................................. सदस्य
(५) PHC मेडिकल अधिकृत .........................................................................सदस्य सचिब

**निर्णय नं. २:** न्यायहेल्थ नेपालको बहिरगमन संगै सम्बद्ध जनशक्ति स्वातः बहिरगमन हुने भएकोले तत्कालको लागि अत्यावश्यक सेवा सुचारु राख्न आवश्यक पर्ने न्यूनतम जनशक्ति सामाजिक विकास मन्त्रालयसंगको समन्वयमा एकिन गरी पदपूर्ति गर्न सार्वजनिक सूचाना मार्फत प्रतिस्प्रधात्मक विधिबाट जनशक्ति आपूर्ति गर्न ।

**निर्णय नं. ३:** CEONC तर्फको न्यूनतम् विज्ञ जनशक्ति ब्यबस्थापनका लागि परिवार कल्याण महाशाखा मार्फत NHSSP लाई अनुरोध गरी पठाउने ।

**निर्णय नं. ४:** बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट कोभिड संक्रमण रोकथामका लागि मिति २०७७/६/२ गतेको सचिवस्तरीय निर्णयबाट स्वीकृत रकम, अईसोलासन कक्ष संचालनका लागि चरिकोट प्राथमिक स्वास्थ्य केन्द्र, क्रमसंख्या १४ मा विनियोजित रकम, कोभिड १९ रोगको उपचारका लागी

अस्पतालमा स्थापना हुने ICU का लागि आवश्यक औजार खरिद चरिकोट प्राथमिक स्वास्थ्य केन्द्र, क्रस.१ मा विनियोजित बजेट र ICU ब्यबस्थापन को क्र.स.१ चरिकोट प्राथमिक स्वास्थ्य केन्द्र मा सशर्त अनुदानमा विनियोजित बजेट चालु आ.ब.मा स्वास्थ्य सेवा संचालन तथा व्यवस्थापनका लागि सहमति प्रदान गर्न बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने ।

**निर्णय नं. ५:** यस नगरपालिकाले चालु आ.ब. ७७/७८ मा ब. सी. नं १९९ स्थानीय पाठ्यक्रम/ पाठ्यपुस्तक निर्माणमा रु ६,५०,०००/- बिनियोजन गरेको छ। त्यस्तै ब. सी. नं २०० मा पाठ्यपुस्तक छपाईमा रु ८,००,०००/- विनियोजन गरेको छ,
यस वर्ष कक्षा १-८ को पाठ्यपुस्तक CRC (Camera Read Copy) विकासका लागि रु १४,५०,०००/- लगत अनुमान रहेकोले पाठ्यपुस्तक छपाईमा विनियोजित रु ८,००,०००/-समेत ब. सी. नं १९९ (स्थानीय पाठ्यक्रम) मा विनियोजित रकम नगरशिक्षा समितिमा लागत अनुमान छलफल गरी समितिको सिफारिसका आधारमा उक्त बजेट पाठ्यपुस्तक CRC (Camera Read Copy) निर्माण शिर्षकमा रकमान्तर गरी खर्च गर्ने ।

**प्रस्ताव नं. ६ : "**घ" बर्गको निर्माण ब्यबसायी इजाजत पत्र सम्बन्धी

भीमेश्वोर नगरपालिकाको "घ" बर्गको निर्माण ब्यबसायी ईजाजत पत्र सम्बन्धी नियामावली २०७५ को नियम ४ को उप नियम (२) देहाए अनुसार संसोधन गर्ने ।

(क.१) प्राबिधिक शाखाको अधिकृत प्रतिनिधि ..............संयोजक
(क.२) आर्थिक प्रशासन शाखा प्रमुख ............................सदस्य
(क.३) योजना शाखा प्रमुख ......................................सदस्य सचिब
(ख) ऐ. नियमको उपनियम (३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत थप गर्ने

८. बिबिध

(क) भीमेश्वर पूजा सामाग्री उत्पादन उधोगले वडा नं. ४ मा पूजा सामग्री उत्पादन तालीम संचालन गर्न प्रस्ताव रु सात लाख पेश गरेकोमा आवश्यक सिफारिस गर्न कार्यपालिकाको सामाजिक विकास समितिले प्रस्तावको विस्तृत अध्ययन गरी तालिमको उपादेयता हेरी सिफारिस गरे पश्चात आवश्यक सिफारिस गर्ने ।

(ख) भी.न. पा. वडा नं . ४ को वडा भवन परिसर सोलिंग कार्यसम्पन्न भएकोले प्राबिधिक मुल्यांकन र सिफारिसको आधारमा रु १,००,०००/-(एकलाख) चालु आ.ब.०७७/७८ को स्वीकृत कार्यक्रम वडा कार्यालय भवन ब.शि.नं.७६ बाट बाँकि हुने रकमबाट भुक्तानी दिने ।

(ग) यस नगर कार्यपालिकाको कर्यलायद्वारा च्च.व. ०७७/७८को ठेक्का नं.६ ठुलाबगर क्षेत्रको बालुवा,गिट्टी ,रोडा ढुङ्गा उत्खनन तथा शुल्क संकलन गर्ने कार्य दरभाउपत्र मार्फत ठेक्का लगाउन मिति २०७७/०४/२९ गते प्रकाशित सूचना अनुसार नियमानुसार म्याद भित्र दर्ता हुन आएका दरभाउपत्रहरु मध्ये सारभूतरुपमा प्रभावाग्राही उच्च मुल्यांकित दरभाउदाता श्री सागर एण्ड शिसिर कन्स्ट्रक्सन भी.न.पा. ६ दोलखाको बोलपत्र यस नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत भई सम्झौताको लागि मिति २०७७/०६/०४ मा १५ दिनको म्याद भएको पत्र बुझाईएकोमा म्यादभित्र २०७७/०६/१८ गते भित्र सम्झौता गर्न नआएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(५) अनुसार उक्त फर्मको बोलपत्र जमानत वापतको रकम जफत गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४१ को १ अनुसार कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।